श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### जिल्ला पञ्चायत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– जिल्ला पञ्चायत ऐन, २०१९ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "जिल्ला पञ्चायत (संशोधन) ऐन, २०२१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप–दफा (२) को खण्ड (ग) लाई खारेज गरिएको छ र खण्ड (घ) लाई खण्ड (ग) गरिएको छ ।

(२) मूल ऐनको दफा ३ को उप–दफा (२) पछि देहाय बमोजिमको उप–दफा (३) थपिएको छः–

(३) यस दफाको उप–दफा (२) को प्रतिबन्धात्मक वाक्यांश वा दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ पञ्चायत वा नगर पञ्चायतको कुनै सदस्य जिल्ला पञ्चायतको सभापति, उप–सभापति वा सदस्य छानिई आफ्नो गाउँ पञ्चायत वा नगर पञ्चायतमा निजको सदस्यता कायम नरहने भए तापनि जिल्ला पञ्चायतको सभापति, उप–सभापति वा सदस्यको हैसियतले जिल्ला सभामा निजको सदस्यता कायमै रहनेछ र जिल्ला पञ्चायतमा निजको पदावधि समाप्त भएपछि पनि सो रिक्त स्थान पूर्तिको लागि हुने चुनाव समाप्त नभएसम्म जिल्ला सभामा निजको सदस्यता कायम रहि नै रहेको मानिनेछ ।

३. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को सट्टा देहाय बमोजिमको दफा १२ राखिएको छः–

१२. म्याद भित्र बैठक नबोलाएमा सचिवले बैठक बोलाउनेः– दफा ११ को उप–दफा (२) र (३) मा लेखिए बमोजिमको म्याद भित्र सभापतिले बैठक नबोलाएमा जिल्ला सभाका कम्तीमा दश सदस्यहरूको सिफारिशमा सचिवले म्याद नाघेको २ महीना भित्र जिल्ला सभाको बैठक बोलाउने छ ।

४. मूल ऐनको दफा १६ मा संशोधनः– (१) मूल ऐनको दफा १६ को उप–दफा (२) को सट्टा देहाय बमोजिमको उप–दफा (२) राखिएकोछः–

(२) जिल्ला पञ्चायतको सभापति वा उप–सभापति राष्ट्रिय पञ्चायतमा निर्वाचित भएमा निज जिल्ला पञ्चायतको आफ्नो पदमा बहाल रहने छैन ।

तर राष्ट्रिय पञ्चायतको सदस्यको हैसियतले निजले जिल्ला पञ्चायतको बैठक मा मतदान गर्न बाहेक छलफलमा भाग लिन पाउनेछ ।

(२) मूल ऐनको दफा १६ को उप–दफा (२) पछि उप–दफा (३) र (४) थपिएको छः–

(३) यस दफाको उप–दफा (१) को खण्ड (ग) बमोजिम जिल्ला पञ्चायतबाट निष्काशन गरिएकोमा अञ्चल पञ्चायतमा अपील लाग्न सक्नेछ र अञ्चल पञ्चायतको निर्णय अन्तिम हुनेछ ।

(४) यस ऐन बमोजिम जिल्ला पञ्चायतको सदस्य हुन अयोग्य व्यक्ति कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारणले सदस्य भई कामकाज गरी आएको रहेछ भने सो कारणले मात्र भैसकेको कामकाज बदर हुन सक्तैन ।

५. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ मा रहेको "अञ्चलाधीश" भन्ने शब्दको सट्टा "अञ्चल पञ्चायतको सभापति" भन्ने शब्दहरू राखिएको छ ।

६. ऐनको दफा २३ मा संशोधनः– मूल ऐनको दफा २३ को खण्ड (१२) र खण्ड (१७) को सट्टा क्रमशः देहाय बमोजिमको खण्ड (१२) र खण्ड (१७) राखिएको छः–

(१२) आफ्नो क्षेत्रभित्रको गाउँ पञ्चायत र नगर पञ्चायतको कामको रेखदेख र निरीक्षण गर्ने र आवश्यक देखेमा निर्देशन पनि दिने ।

(१७) पर्यटकहरूको सुविधा सम्बन्धी व्यवस्था मिलाउने ।

७. मूल ऐनको दफा २४ मा संशोधनः– मूल ऐनको दफा २४ को उप–दफा (१) को सट्टा देहाय बमोजिमको उप–दफा (१) राखिएको छः–

(१) जिल्ला पञ्चायतले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सविनियम बमोजिम आफूले गर्नुपर्ने वा गर्न हुने कुनै काम गर्नको निमित्त वा जांच बुझ गरी रिपोर्ट पेश गर्नको निमित्त आफ्नो सदस्यहरूको र आवश्यक सम्झेमा अन्य व्यक्तिहरू समेतको समिति वा उप–समिति गठन गर्न सक्नेछ ।

८. मूल ऐनको दफा २७ मा संशोधनः– मूल ऐनको दफा २७ को उप–दफा (२) को सट्टा देहाय बमोजिमको उप–दफा (२) राखिएको छ र त्यसपछि देहाय बमोजिमको उप–दफा (३) पनि थपिएको छः–

(२) सभापतिले आफ्नो सबै वा केही प्रशासकिय अधिकार उप–सभापति वा अन्य कुनै सदस्य वा सचिवलाई सुम्पन सक्ने छ ।

(३) कुनै जिल्ला पञ्चायतको सभापतिले आफ्नो ओहदाको हैसियतले प्रचलित नेपाल कानून वा सम्बन्धित पञ्चायतको निर्णय बमोजिम गरेको वा गर्नु पर्ने कुनै कामको सम्बन्धमा कुनै अड्डा अदालतमा कसैको कुनै नालिस, उजुर वा अपील परि समन, इतलायनामा, म्याद, पुर्जी, सूचना त्यस्तो सभापति उपर तामेल हुँदा त्यस्तो सभापति आफै त्यस्तो अड्डा अदालतमा उपस्थित हुन वा वारेसनामा दिई सो पञ्चायतको अन्य कुनै सदस्यलाई आफ्नो तर्फबाट त्यस्तो अड्डा अदालतमा उपस्थित गराउन वा आफू वा वारीस उपस्थित नभई आफ्नो व्यहोरा सम्म लेखी त्यस्तो अड्डा अदालतमा दाखिल गर्न गराउन सक्नेछ । जिल्ला पञ्चायतको सभापति वा निजको वारिसलाई हाजिर नगराई नहुने

352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्था परि सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक त्यस्तो कुनै मुद्दामा जिल्ला पञ्चायतको सभापति वा निजको वारीस तारिखमा हाजिर भई रहनु पर्ने छैन।

९. मूल ऐनको दफा ३४ मा संशोधनः– मूल ऐनको दफा ३४ को सट्टा देहाय बमोजिमको दफा ३४ राखिएको छ :–

३४. जिल्ला सभाको सम्पत्तिः– जिल्ला सभाको कोषबाट बनेको वा खरिद भएको वा थुपारिएको वा जिल्ला सभालाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडि दिएको सबै सम्पत्ति र कुनै व्यक्ति विशेषको निजी हक अधिकार नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको शहरी क्षेत्र भन्दा बाहिरका सडक जिल्ला सभाको सम्पत्ति हुनेछ र जिल्ला सभाले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछ ।

१०. मूल ऐनको दफा ३५ मा संशोधनः– मूल ऐनको दफा ३५ को सट्टा देहायका दफा ३५ राखिएको छः–

३५. जिल्ला सभाले लगाउन पाउने कर, दस्तुर, फी इत्यादिः– प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि जिल्ला पञ्चायतले देहाय बमोजिमको कर, दस्तूर, फी, भाडा वा ठेक्काको व्यवस्था गर्न सक्नेछः– (१) जिल्ला सभाले आफ्नो इलाका भित्र आफूले बनाएको वा आफ्नो नियन्त्रणमा रहेको बाटो, पुल, पोखरी वा घाट चलन चल्ती गर्ने व्यक्ति वा सवारी उपर तोकिए बमोजिमको दस्तूर लगाउन सक्नेछ ।

(२) जिल्ला सभाले आफ्नो जिल्ला अन्तर्गत पर्ने शहरी क्षेत्र भन्दा बाहिरका घरको आकार प्रकार हेरि प्रत्येक घरमा वार्षिक रूपैयां १०। मा नबढाई तोकिय बमोजिम कर लगाउन सक्नेछ ।

(३) जिल्ला सभाले आफ्नो वा आफ्नो जिम्मा रहेको पुस्तकालय, चिकित्सालय, धर्मशाला, पाटी, पौवा, डांक, बङ्गला इत्यादि उपयोग गर्ने व्यक्तिबाट तोकिय बमोजिम फी वा भांडा असूल गरी लिन सक्नेछ ।

(४) जिल्ला सभाले जिल्ला भरिका गैंडा र हात्ती बाहेक अरू विभिन्न जन्तु, जनावरको सिपी, हाड, दांत, खूर, सिङ्ग, प्वांख एकट्ठा गर्न वा बिक्री गर्न ठेक्का दिन सक्नेछ ।

(५) जिल्ला सभाले आफ्नो कोषबाट सहायता गरी खनिएको कूलो, पैनबाट खेतहरूमा सिंचाई भएको पानीमा सरकारी दरमा नबढाई पोत लगाउन सक्ने छ र आफ्नो क्षेत्रको पानी घट्ट उपयोग गर्ने व्यक्तिबाट तोकिएबमोजिम दस्तूर असूल गर्नसक्नेछ।

(६) जिल्ला सभाले जिल्ला भित्र श्री ५ को सरकारद्वारा ठेक्का लगाइएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

जल बाहेक अरू ढुंगा वा टुइन लाग्ने नदि घाटको ठेक्काको व्यवस्था गर्न र माछा आदि जल जन्तु, मुढा, दहतर, वहतर समेतको ठेक्का लगाउन सक्नेछ।

(७) जिल्ला सभाले आफ्नो क्षेत्रको गाउं पञ्चायत तथा नगर पञ्चायतको सरकारी अनुदान बाहेक अन्य स्रोतबाट भएको आम्दानीबाट सयकडा ५ मा नबढाइ हिस्सा लिन सक्नेछ।

(८) उप–दफा (१) र उप–दफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा बढी जिल्लाहरूको माझ पर्ने पूल वा नदि घाटमा दस्तूर लगाउँदा वा त्यस्तो नदीको माछा आदि जलजन्तु, ढुंगा, मुढा, दहतर, वहतर समेतको ठेक्का लगाउँदा सम्बन्धित जिल्ला पञ्चायतहरूको संयुक्त समिति खडा गरी सो समितिको निर्णय अनुसार यस ऐन बमोजिमको दस्तूर लगाउन वा ठेक्काको व्यवस्था गर्न पर्छ।

(९) जिल्ला सभाले लगाएका कर, दस्तूर, फी, भाडा वा ठेक्काको रकम जिल्ला पञ्चायतले तोकिय बमोजिम असूल गर्नेछ।"

११. मूल ऐनको दफा ३६ मा संशोधनः– मूल ऐनको दफा ३६ को उप–दफा (२) पछि देहाय बमोजिमको उप–दफा (३) थपिएकोछः–

(३) जिल्ला पञ्चायतले आफ्नो क्षेत्र भित्रको गाउँ पञ्चायत र नगर पञ्चायतहरूको आम्दानी खर्चको हिसाव प्रत्येक वर्ष निरीक्षण गर्ने प्रबन्ध गर्नेछ र आवश्यक भएमा निर्देशन समेत दिनेछ।

१२. मूल ऐनको दफा ४० मा संशोधनः– मूल ऐनको दफा ४० को सट्टा देहाय बमोजिमको दफा ४० राखिएकोछः–

४०. जिल्ला पञ्चायत स्थगित वा भङ्ग गर्ने वा जिल्ला पञ्चायतको कुनै पदाधिकारीलाई हटाउने अधिकारः– (१) कुनै जिल्ला पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम गर्नुपर्ने काम कर्तव्यको पालन बराबर नगरेमा वा सो बमोजिमको अधिकार दुरुपयोग गरेमा श्री ५ को सरकारले सोझैं वा अञ्चल पञ्चायतको परामर्श लिई सो जिल्ला पञ्चायतलाई केही समयको लागि स्थगित गर्न वा भङ्ग गरी नयां चुनाव गराउन सक्नेछ।

(२) जिल्ला पञ्चायत स्थगित भएको अवस्थामा वा भङ्ग भै नयां जिल्ला पञ्चायत गठन नभएको अवस्थामा जिल्ला पञ्चायतको सबै वा कुनै अधिकार श्री ५ को सरकारले कुनै व्यक्ति वा समितिलाई सुम्पन सक्नेछ र सो व्यक्ति वा समितिले गरेको काम जिल्ला पञ्चायतले गरेको सरह मानिनेछ।

२५४

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जिल्ला पञ्चायतका सभापति, उप–सभापति वा सदस्यले आफ्नो पदको अधिकार दुरूपयोग गरेमा श्री ५ को सरकारले सोझैं वा अञ्चल पञ्चायतको परामर्श ली निजलाई निजको पदबाट हटाउन सक्नेछ र यसरी खाली हुन आउने पदमा पुनः निर्वाचन गरिनेछ ।

१३. मूल ऐनको दफा ४१ मा संशोधनः– मूल ऐनको दफा ४१ मा रहेको "५०। रूपैयां सम्म" भन्ने शब्दहरूको सट्टा "१००। रूपैयां सम्म" भन्ने शब्दहरू राखिएकोछ ।

लालमोहर सदर मिति २०२१।८।१।२ मा

आज्ञाले–
विनोदप्रासाद धिताल
श्री ५ कोसरकारको सह–सचिव ।

**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. ३०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### अञ्चल पञ्चायत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– अञ्चल पञ्चायतको सदस्यहरू तथा अञ्चल पञ्चायतको काम कर्तव्य बारे अञ्चल पञ्चायत ऐन, २०१९ (यस पछि मूल ऐन भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "अञ्चल पञ्चायत (संशोधन)

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐन, २०२१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को सट्टा देहाय बमोजिमको दफा ११ राखिएको छः–

११. अञ्चल सभाको सदस्यहरू राष्ट्रिय पञ्चायत वा अञ्चल पञ्चायतमा निर्वाचित भएमाः– (१) यस ऐनको अन्य दफामा जेसुकै लेखिएको भए तापनि अञ्चल सभाको कुनै सदस्य राष्ट्रिय पञ्चायतको सदस्य वा अञ्चल पञ्चायतको सभापति उप–सभापति वा सदस्य छानिएमा अञ्चलसभा तथा जिल्लासभामा निजको सदस्यता निजको राष्ट्रिय पञ्चायत वा अञ्चल पञ्चायतको सदस्यताको अवधि समाप्त भए पछि पनि सो रिक्त स्थानको पूर्तिका निमित्त हुने चुनाव समाप्त नभएसम्मको अवधि भर कायम नै रहेको मानिनेछ ।

(२) अञ्चल पञ्चायतको सभापति वा उप–सभापति राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित भएमा निज अञ्चल पञ्चायतको सभापति वा उप–सभापतिको रूपमा कायम रहने छैन ।

३. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को उप–दफा (१) को सट्टा देहाय बमोजिमको उप–दफा (१) राखिएको छः–

(१) प्रत्येक वर्ष अञ्चल सभाको कम्तीमा एक अधिवेशन हुनेछ ।

४. मूल ऐनको दफा २७ मा संशोधनः– मूल ऐनको दफा २७ को सट्टा देहाय बमोजिमको दफा २७ राखिएको छः–

२७. अञ्चल पञ्चायतको कर्तव्य र अधिकारः– आफ्नो इलाकाभित्र देहायमा लेखिएको कामहरू गर्ने अञ्चल पञ्चायतको कर्तव्य र अधिकार हुनेछः–

(क) राष्ट्रिय भावना र प्रजातान्त्रिक चेतनालाई जागरूक राख्ने कार्य गर्ने,

(ख) अञ्चल स्तरमा भावात्मक एकतालाई अझ सुदृढ बनाउने,

(ग) राष्ट्र भाषा र संस्कृतिको विकास गरी राष्ट्रिय चरित्रको निर्माण गर्ने,

(घ) पञ्चायतका विभिन्न तहहरूमा सामञ्जस्य एवं क्रियाशीलता ल्याउन अन्वेषण तथा अनुसन्धान गर्ने गराउने तथा भएको कामको मुल्याङ्कन गर्ने,

(ङ) राजनैतिक, सामाजिक, साहित्यिक तथा अन्य विभिन्न विषयमा सम्मेलन एवं गोष्ठिहरूको आयोजना गर्ने तथा पत्र पत्रिका प्रकाशित गर्ने,

(च) पञ्चायती व्यवस्थाको आदर्शको प्रचार गर्ने तथा उक्त आदर्श प्राप्तिका लागि गर्नु पर्ने कार्यहरूको सम्बन्धमा अनुसन्धान गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सहकारिताको सिद्धान्तको प्रचार गर्ने तथा सहकारिताको क्षेत्रमा व्यावहारिक प्रयोग गरी देखाउने,

(ज) आदर्श गाउँ पञ्चायतहरूलाई नमूनाको रूपमा स्थापना गर्ने,

(झ) श्री ५ को सरकार अथवा ऐनद्वारा सुम्पिएको अरू कुनै कार्य गर्ने,

(ञ) श्री ५ को सरकारले कुनै विषयमा मागेको राय सल्लाह दिने,

(ट) आवश्यकतानुसार आफ्नो अञ्चलस्तरको आफ्नो क्षेत्र अन्तर्गत पर्ने पञ्चायत वा अन्य संस्थाहरूबाट श्री ५ को सरकारको आदेशानुसार आंकडा तयार गर्ने गराउने,

(ठ) विकास कार्यमा अभिरूची उत्पन्न गर्ने समेतको लागि समय-समयमा अञ्चल स्तरमा विकास प्रदर्शनी, किसान मेला, पञ्चसम्मेलन आदि गर्ने र गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतलाई कानून बमोजिमको कामको निमित्त सहयोग र सहायता गर्ने ।

५. मूल ऐनको दफा ३१ मा संशोधनः– मूल ऐनको दफा ३१ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

(३) कुनै अञ्चल पञ्चायतको सभापतिले आफ्नो ओहदाको हैसियतले प्रचलित नेपाल कानून वा सम्बन्धित पञ्चायतको निर्णय बमोजिम गरेको वा गर्नु पर्ने कुनै कामको सम्बन्धमा कुनै अड्डा अदालतमा कसैको कुनै नालेस उजुर वा अपील परी समन, इतलायनामा, म्याद पूर्जि सूचना त्यस्तो सभापति उपर तामेल हुंदा त्यस्तो सभापति आफै त्यस्तो अड्डा अदालतमा उपस्थित हुन वा वारीसनामा दिइ सो पञ्चायतको अन्य कुनै सदस्यलाई आफ्नो तर्फबाट त्यस्तो अड्डा अदालतमा उपस्थित गराउन वा आफु वा वारीस उपस्थित नभई आफ्नो व्होरासम्म लेखी त्यस्तो अड्डा अदालतमा दाखिल गर्न गराउन सक्नेछ । अञ्चल पञ्चायतको सभापति वा निजको वारीसलाई हाजिर नगराइ नहुने अवस्था परी सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक त्यस्तो कुनै मुद्दामा अञ्चल पञ्चायतको सभापति वा निजको वारीस तारीखमा हाजिर भै रहनु पर्नेछैन ।

६. मूल ऐनको दफा ३७ मा संशोधनः– मूल ऐनको दफा ३७ को सट्टा देहाय बमोजिमको दफा ३७ राखिएकोछः–

३७. अञ्चल सभाको सम्पत्तिः– अञ्चल सभाको इलाका भित्रको अञ्चल सभाको कोषबाट बनेको वा खरीद भएको वा थुपारिएको वा अञ्चल सभालाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडि दिएको सबै सम्पत्ति अञ्चल सभाको सम्पत्ति हुनेछ र अञ्चल सभाले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछ ।

लालमोहर सदर मिति ०२१।८।१।२ मा

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह–सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्रवीर विक्रमशाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### न्याय प्रशासन (विविध व्यवस्था) ऐनमा संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "न्याय प्रशासन (विविध व्यवस्था) (संशोधन) ऐन, २०२१" रहेको छ ।

(२) यस ऐनको दफा १, ३, ४, र ५ तुरुन्त प्रारम्भ हुनेछ र अरू दफा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेका मितिदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को सट्टा निम्नलिखित दफा ८ राखिएको छः–

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अपील:– (१) प्रचलित नेपाल कानूनमा अपील नलाग्ने भनी किटी लेखिएको अवस्थामा बाहेक कुनै मुद्दा मामिलामा जिल्ला न्यायाधीशले गरेको फैसला वा अन्तिम आदेश वा दफा ७ अन्तर्गत जिल्ला न्यायाधीशले दिएको सजायको आदेश उपर अञ्चल अदालतमा अपील लाग्नेछ ।

(२) उप–दफा (१) बमोजिम अपील परेको मुद्दा मामिला मध्ये देहायको मुद्दा मामिलामा मात्र अञ्चल न्यायाधीशले दिएको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो पांचहजार रुपैयां भन्दा बढी भएको मुद्दा मामिला वा मोल बिगो नखुलेको सामूहिक कुलो, पानी, सामूहिक सन्धिसर्पन, गौचर वा तायदाती नआएको अंश मुद्दा,

(ख) तीनहजार रुपैयां भन्दा बढी दण्ड जरिवाना वा तीन वर्ष भन्दा बढी कैदको सजाय हुने मुद्दा मामिला, वा

(ग) कुनै जटिल कानूनी प्रश्न समावेश भएको छ भन्ने सर्वोच्च अदालतलाई चित्त बुझ्ने कारण भई आफू छेउ अपील गर्न पाउने गरी सर्वोच्च अदालतले अनुमति दिएको मुद्दा मामिला ।

तर–

(१) यो उप–दफाको खण्ड (क) बमोजिम हद मुनि हुने मुद्दा मामिला मध्ये मोल बिगो तीन हजार रुपैयां भएको मुद्दा मामिलामा जिल्ला न्याया-धीशको निर्णयमा अञ्चल न्यायाधीशको राय मिले पनि नमिले पनि अपील लाग्ने छैन र सो बाहेक अरूमा राय मिले मात्र अपील लाग्ने छैन ।

(२) यो उप–दफाको खण्ड (ख) बमोजिम हद मुनि हुने मुद्दा मामिला मध्ये एकहजार रुपैयांसम्म दण्ड जरिवाना वा एक वर्षसम्म कैदको सजाय हुने मुद्दा मामिलामा जिल्ला न्यायाधीशको

३८३

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्णयमा अञ्चल न्यायाधीशको राय मिले पनि नमिले पनि अपील लाग्ने छैन र सो बाहेक अरूमा राय मिले मात्र अपील लाग्ने छैन ।

(३) दफा ५ बमोजिमको कुनै मुद्दा मामिला अञ्चल न्यायाधीशले गरेको जुनसुकै फैसला वा अन्तिम आदेश र दफा ७ बमोजिम, अञ्चल न्यायाधीशले दिएको सजायको आदेश उपर सर्वोच्च अदालतमा अपील लाग्ने छ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को सट्टा निम्नलिखित दफा ९ राखिएको छ ।

९. साधकः– (१) साधक सदर गराउनु पर्ने मुद्दामा आफ्नो अपील सुन्ने अड्डामा जाहेर गर्नुपर्छ ।

(२) मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैद हुने मुद्दामा आफू कहां आएको साधक प्रचलित नेपाल कानून बमोजिम जांची निर्णय गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

४. मूल ऐनको दफा १३ मा संशोधनः– (१) मूल ऐनको दफा १३ को उप–दफा (१) को सट्टा निम्नलिखित उप–दफा (१) राखिएको छः–

(१) श्री ५ बाट नेपाल अधिराज्यका निमित्त एकजना एटर्नी जनरल नेपालको संविधान अनुसार नियुक्त गरिबक्सनेछ । श्री ५ को सरकारले एकजना सिनियर गवर्नमेण्ट एड्भोकेट् र एक वा एक भन्दा बढी गवर्नमेण्ट एड्भोकेट् र आवश्यकता अनुसार गवर्नमेण्ट प्लिडर, एडिसनल गवर्नमेण्ट प्लिडर, पब्लिक प्रोसिक्यूटर, एडिसनल पब्लिक प्रोसिक्यूटर, एसिष्टेण्ट गवर्नमेण्ट प्लिडर र एसिष्टेण्ट पब्लिक प्रोसिक्यूटरहरू नियुक्त गर्न सक्नेछ ।

(२) मूल ऐनको दफा १३ को अन्तमा रहेको स्पष्टीकरणको सट्टा देहाय बमोजिमको स्पष्टीकरण राखिएको छः–

स्पष्टीकरणः– यस दफाको प्रयोजनका लागि सरकारी वकील भन्नाले एटर्नी जनरल, सिनियर गवर्नमेण्ट एड्भोकेट्, गवर्नमेण्ट एड्भोकेट्, गवर्नमेण्ट प्लिडर, एडिसनल गवर्नमेण्ट प्लिडर, पब्लिक प्रोसिक्यूटर, एडिसनल पब्लिक प्रोसिक्यूटर, एसिष्टेण्ट गवर्नमेण्ट प्लिडर र एसिष्टेण्ट पब्लिक प्रोसिक्यूटरलाई सम्झनु पर्छ ।

350

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनमा दफा १६ क. थप्नेः– मूल ऐनको दफा १६ पछि देहाय बमोजिमको दफा १६ क. थपिएको छः–

१६. क. सर्वोच्च अदालतले आफ्नो मुद्दा दोहोऱ्याउनेः– सर्वोच्च अदालतको अन्तिम निर्णय भएको कुनै मुद्दा दोहोऱ्याई पाऊं भनी सो मुद्दाका सम्बन्धित पक्षले सो निर्णय भएको थाहा पाएका पैंतीस दिनभित्र तत्सम्बन्धमा निर्धारित कार्यप्रणाली अनुसार श्री ५ मा निवेदनपत्र चढाउन पाउंछ र श्री ५ बाट त्यस कामका लागि नियुक्त न्यायिक समितिको सिफारिशमा मुद्दा दोहोऱ्याउने आदेश बक्सेमा सर्वोच्च अदालतले आफ्नो अघिको निर्णय जांची कानून बमोजिम टुङ्गो लगाउन सक्तछ ।

६. रूपान्तरः– (१) मूल ऐन र अन्य प्रचलित नेपाल कानूनमा "इलाका अदालत" वा "इलाका न्यायाधीश" लेखिएको ठाउंमा "जिल्ला अदालत" वा "जिल्ला न्यायाधीश" र र "जिल्ला अदालत" वा "जिल्ला न्यायाधीश" लेखिएको ठाउंमा "अञ्चल अदालत" वा "अञ्चल न्यायाधीश" रहेको सम्झनु पर्छ ।

(२) यो ऐन प्रारम्भ हुनु अघिको प्रत्येक इलाका अदालत यो ऐन प्रारम्भ भएपछि जिल्ला अदालत र यो ऐन प्रारम्भ हुनु अघिको प्रत्येक जिल्ला अदालत यो ऐन प्रारम्भ भएपछि अञ्चल अदालत हुनेछ ।

तर त्यस्तो कुनै जिल्ला अदालत वा अञ्चल अदालतलाई खारेज गर्न वा अर्को कुनै जिल्ला अदालत वा अञ्चल अदालतको बेञ्चको रूपमा कायम राख्न श्री ५ को सरकारले सक्नेछ ।

लालमोहर सदर मिति ०२१।८।१।२ मा

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह–सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252